नेपाल सरकार
गृह मन्त्रालय
नेपाल प्रहरी प्रधान कार्यालय
साइबर ब्यूरो

फोन: ९८५१२८६७७०, ०१-५३१९०४४
Email: cyberbureau @nepalpolice.gov.np
भोटाहिटी, काठमाडौं

मिति: २०८०-१२-०५ गते ।
ने.सं.११४४

# साइबर ब्यूरोको अनुरोध !!!

हाल नेपालमा WhatsApp ह्याक गरेर "म समस्या/अप्ठ्यारोमा परेको छु, तुरुन्त पैसा पठाइदिनुहोस्" वा "मेरो बैंकिङ्ग एपमा समस्या आएर मैले पैसा पठाउन सकिरहेको छैन, तपाई यस QR Code मा पैसा पठाइदिनुहोस" भन्ने प्रकारका मेसेज नजिकका साथी भाई लगायत आफन्तहरूलाई पठाई ठगी गर्ने घटनाहरू बढिरहेकोले यस्ता घटनाबाट जोगिन तल उल्लेखित बुँदाहरू अवलम्बन गर्न हुन नेपाल प्रहरी साइबर ब्यूरो आम नागरिकमा अनुरोध गर्दछ ।

**निम्न:**

- यस्ता मेसेजहरूमा तुरुन्त विश्वास नगर्नुहोस् ।
- सम्भव भए सम्म सो व्यक्तिलाई *प्रत्यक्ष फोन गरेर* पुष्टि गर्नुहोस् ।
- शंकास्पद लिंक, कोड वा फाइल क्लिक/डाउनलोड नगर्नुहोस् ।
- *Two-Step Verification* अनिवार्य रूपमा प्रयोग गर्नुहोस् ।
- आफ्नो OTP/Verification Code कसैलाई पनि नदिनुहोस् ।
- आफ्नो मोबाइल र एप्स नियमित रूपमा अपडेट गर्नुहोस् ।
- WhatsApp Web प्रयोग गरेपछि Log out गर्न नबिर्सीनुहोस् ।

---------------------
उप-निर्देशक
(दिपक राज अवस्थी)
प्रहरी उपरीक्षक
प्रवक्ता एवं सूचना अधिकारी
सम्पर्क नं. ९८५१२८६७७२